# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
**केन्द्रीय कार्यालय, Central Office**
**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ १९ गते

**निष्पक्ष ढंगबाट राहत वितरण गर्न सरकारको ध्यानाकर्षण ।**

राष्ट्रिय मानव अधिकार आयोगले हालै गएको भूकम्पबाट हुन गएको धनजनको क्षति, भइरहेको उद्धार, राहत वितरण तथा ती जिल्लाहरुको मानव अधिकारको समग्र अवस्थाका सम्बन्धमा गरेको अनुगमन प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको छ । उक्त विनासकारी भूकम्पको सबै जिल्लाहरुको स्थलगत अनुगमनपछि आयोगले सोमबार प्रतिवेदन सार्वजनिक गरेको हो ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष अनुपराज शर्माले निष्पक्ष तथा भेदभावरहित रुपमा राहत वितरण गर्न सरकारलगायत सम्बन्धित पक्षहरुलाई आग्रह गर्नुभयो । उहाँले आयोगले भूकम्प आएको दिनदेखि नै भूकम्प प्रभावितहरुको अवस्थाको बारेमा स्थलगत अनुगमन गरिरहेको भन्दै आगामी दिनमा समेत अनुगमनलाई अझ तीव्र रुपमा अगाडि बढाइने बताउनुभयो ।

अनुगमनका लागि आयोगले आगामी दिनमा सबैसँग सहकार्य गरेर अगाडि बढ्ने भन्दै अध्यक्ष शर्माले विपद व्यवस्थापनसम्बन्धी कानून तत्काल बन्नुपर्ने धारणा राख्नुभयो । सो अवसरमा आयोगकी सदस्य तथा प्रवक्ता मोहना अन्सारीले भूकम्पले धेरै विद्यालय, अस्पताल र कारागारकाहरुमा क्षति पुगेको भन्दै त्यस्ता जोखिममा रहेका भवनहरुको पहिचान गरी तत्काल पुर्ननिमार्ण गर्न आग्रह गर्नुभयो । बालबालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्न तथा महिला र बालिकाहरु बेचबिखनको उच्च जोखिममा रहेको भन्दै सदस्य अन्सारीले तिनीहरुलाई विशेष सुरक्षा दिन सरकार सँग आग्रह गर्नुभयो ।

आयोगले जारी गरेको प्रारम्भिक प्रतिवेदनमा तथ्याङ्कको अभावमा कसैले धेरै पटक तथा कसैले एकपटकसम्म पनि राहत पाउन नसकेको उल्लेख छ । राहत वितरण गर्दा महिला, बालबालिका, गरीब, दलित, दूर्गम क्षेत्रका पीडित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था नभएको आयोगको प्रतिवेदनमा उल्लेख छ । अधिकांश जिल्लामा बालबालिका र ज्येष्ठ नागरिकहरूसमेत पालभित्र एकै ठाउँमा ठूलो सख्यामा बस्नुपरेको अवस्थामा रोगको सङ्क्रमणको उच्च सम्भावना रहेकोले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराइएको आयोगको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा भूकम्प प्रभावितलाई वितरण गरिएका केही राहत सामग्री, खाधान्न तथा लत्ताकपडाहरू कमसल खालको रहेको पनि उल्लेख छ ।

पन्जा, हेल्मेट, अत्यावश्यक औजार र उपकरणको अभावमा जोखिमपूर्ण तवरबाट उद्धार, कार्यमा संलग्न रहेका सुरक्षा निकायहरु लगायतका उद्धारकर्मीहरुको जीवन सुरक्षाको लागि आयोग सरकार सँग आग्रह गर्दछ । दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव, मूल्यवृद्धि तथा कालो बजारी बढ्दै गएकोले बजार अनुगमनलाई तीव्रता दिनुपर्ने तथा राहत वितरणमा अनियमिता गर्ने उपर कडा कारवाही गर्न आयोग सरकारलाई आग्रह गरेको छ ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता